सञ्चालक समितिको फोटो

डल्फिन बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पाँचौ बार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु :

यस डल्फिन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०७१/०४/०९ गते शुक्रबार बसेको सञ्चालक समितिको ६२ औं बैठकको निर्णयानुसार यस संस्थाको पाँचौ बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा संस्थाको ऐन, २०४८ को दफा १२ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारण सभा बस्ने स्थान, मिति र समय :

सभा स्थान : ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान, **कुपण्डोल ब्याङ्क्वेट्स,** (सर्वाङ्ग स्वास्थ्य सदन पछाडी)

सभा मिति : २०७१/०५/२१ गते (तदनुसार ०६ सेप्टेम्बर २०१४) शनिबार

सभा शुरु हुने समय : विहान ९:३० बजे

द्रष्टब्य : दिवा भोजनको व्यवस्था गरिएको छ । (Lunch)

छलफलको विषय :

सधारण प्रस्तावहरुः

१. आ. व. २०७०/०७१ को सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन माथि छलफल र पारित गर्ने ।
२. आर्थिक वर्ष २०७०/०७१ को लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान विवरण, नाफा नोक्सान वाँडफाँड हिसाव, ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र नगद प्रवाह विवरण एंव अनुसूचीहरु माथि छलफल र पारित गर्ने ।
३. लेखा तथा सुपरिवेक्षण समितिको सिफारिशमा आ. व. २०७१/०७२ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।
४. सञ्चालक समितिको निर्णय अनुसार चुक्ता पुँजी रु. २,३५,२७,३७९.९९ को १५% ले हुन आउने जम्मा रु.३५,२९,१०७.०० (कर समायोजन समेत) मात्र नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने (आ.ब. २०७०/०७१ को आषाढ मसान्तको दिनमा कायम चुक्ता पूँजीलाई आधार मानिएको छ) ।
५. सञ्चालक एवं विभिन्न उपसमितिहरुको आ.व. २०७०/०७१मा बृद्धि गरेको बैठक भत्ता अनुमोदन गर्ने सम्बन्धमा ।
६. लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
७. संस्थाको आ. ब. २०७१/०७२को अनुमानित बजेट उपर छलफल एवं पारित गर्ने सम्बन्धमा ।
८. संस्थाको चुक्ता शेयर पुँजी एवं शेयर सदस्यहरुमा भएको बृद्धि अनुमोदन गर्ने सम्बन्धमा ।
९. कर्मचारी बोनस पारित गर्ने सम्बन्धमा ।
१०. सहकारी विभाग र डिभिजन सहकारी कार्यालयको संयुक्त अनुगमनका क्रममा औंल्याईएका कैफियत र कार्यान्वयनको अवस्था पुनरावलोकन सम्बन्धमा ।

विशेष प्रस्तावः

१. संस्थाको विनियम संशोधन गर्ने सम्बन्धमा ।
२. संस्थाको आन्तरिक बचत, ऋण, आर्थिक प्रशासन, वित्तीय व्यवस्थापन, मानव सम्साधन र कोष परिचालन नीति संशोधन गर्ने सम्बन्धमा ।
३. संस्थाको कार्यक्षेत्र विस्तार गर्ने सम्बन्धमा ।
४. संस्थाको विनियम संशोधन गरी बहुउद्देश्यीय बनाउने सम्बन्धमा ।
५. संस्थाको स्तरोन्नती एवं गाभ्ने/गाभिने (Upradation and Merger) गर्ने सम्बन्धमा ।
६. संस्थाको सदस्य सेवा काउन्टर खोल्ने सम्बन्धमा ।
७. साधारण सभाको निर्णय पुस्तिका (माईन्युट बुक) प्रमाणित गर्नको लागि सञ्चालक समिति र शेयर सदस्यहरुबाट क्रमशः १-१ जना प्रतिनिधिहरु चयन गर्ने ।

विविधः

नोटः १. विहान ९:३० बजे देखि १०:३० बजे सम्ममा उपस्थित भई सेयर पुस्तिकामा दस्तखत गर्न विनम्र अनुरोध गरिन्छ ।
२. अन्य जानकारीको लागि संस्थाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सञ्चालक समितिको आज्ञाले

सचिव एवं प्रमुख कार्यकारी अधिकृत
झलक अर्याल (सुशिल)

नेपाल सरकार सहकारी तथा गरिबी मन्त्रालय सहकारी विभाग द्वारा लेखा परिक्षण स्वीकृति पत्रः

नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
(.............................(अनुगमन) शाखा)

फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
E-mail: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :- आ०७१।७२
चलानी नं. :- ११६
प्राप्त पत्र संख्या र मिति :-

मिति: २०७१।४।१४

विषयः लेखापरीक्षण स्वीकृति सम्वन्धमा ।

श्री डिभिजन सहकारी कार्यालय,
.......ललितपुर.......... ।

श्री ...डिभिजन बचत तथा ऋण स.सि.लि., ललितपुर... बाट माग भए बमोजिम आर्थिक वर्ष ०७०।७१ को लेखा परीक्षण सम्पन्न गर्नको लागि यस विभागको मिति २०७१।४।१४.. को निर्णयानुसार उक्त संस्थाको लेखापरीक्षण सम्पन्न भए पश्चात स्वीकृत लेखापरीक्षकको तर्फबाट प्राप्त हुने *Long From Report* र लेखापरीक्षण प्रतिवेदन र यस विभागमा समेत उपलब्ध गराउने साथै कार्य योजना अनुसार सुधार गर्नुपर्ने बुँदाहरुको यथासिघ्र सुधार गरी सक्ने गरी स्वीकृति दिने निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

०७१।०४।१४
शाखा अधिकृत

बोधार्थः
श्री ...डिभिजन बचत तथा ऋण स.सि.लि.
...........ललितपुर।.................।

"जनतालाई सम्मान र सेवा, सुशासनलाई टेवा"

डिभिजन सहकारी कर्यालय ललितपुर द्वारा संस्थाको लेखा परिक्षण गर्न स्वीकृत पत्रः

"शान्ति र सहकारीता, विकासका लागि अपरिहार्यता"

नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय

सहकारी विभाग
डिभिजन सहकारी कार्यालय

पुल्चोक/चण्डी मार्ग, ललितपुर, नेपाल

फोन/फ्याक्स नं.:- ०१-५५४८८१२
वेभसाइटः- www.decol.gov.np

पत्र संख्याः- २३०/०७१/७२
चलानी नं.:- ८०
प्राप्त पत्र संख्याः-

मितिः- २०७१/४/१५

श्री [illegible]
कुपण्डोल ललितपुर

नेपाल सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभाग डिभिजन सहकारी कार्यालय ललितपुर

विषयः- लेखापरीक्षक नियुक्तिको स्वीकृत दिइएको ।

त्यस संस्थाको आर्थिक वर्ष २०७०/०७१ को वार्षिक हिसाब जाँच गराउन त्यस संस्थाको मिति २०७०/१०/२८ को निर्णय अनुसार नियुक्ति गरिएको लेखापरीक्षक श्री सञ्जय कुमार चौधरी प्रमाणपत्र नं. ४६२ लाई यस कार्यालयको मिति २०७१/४/१५ को निर्णय अनुसार निजको नियुक्ति स्वीकृत गरिएको छ । लेखापरीक्षण सम्बन्धी ऐन २०३५ अन्तर्गत रही सहकारी ऐन २०४८ को दफा ३७ बमोजिम हिसाब जाँच गराई सहकारी नियमावली २०४९ को नियम २१(२) अनुसार अुसूची-५ बमोजिमको प्रतिवेदन साधारणसभाबाट अनुमोदन गराई एक प्रति यस कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुहुन जानकारी गराइन्छ ।

सहकारी अधिकृत

सहकारी अधिकृत

कृपया, पत्राचार गर्दा प.सं., च.नं. र मिति अनिवार्य रुपमा उल्लेख गर्नुहोला ।

परिचय (INTRODUCTION)

नयाँ नेपालको अवधारणा अनुसार आर्थिक क्षेत्रमा आएको सकारात्मक परिवर्तनलाई आत्मसाथ गर्दै सहकारीको क्षेत्रमा एक भिन्न पहिचान बनाउने लक्ष्य अनुरुप हाम्रो, हजुरहरुको र हामी सबैको **डल्फिन बचत तथा ऋण सहकारी संस्था लि.** को स्थापना भएको हो । **"We are to Serve You"** हामी हजुरहरुको सेवाका निम्ति भन्ने मूल मन्त्रलाई आत्मसाथ गर्दै सहकार्यबाट नै कुनै पनि ब्यक्ति तथा समाजको आर्थिक र सामाजिक बृद्धि विकासमा टेवा पुऱ्याउन सकिन्छ भन्ने लक्ष्य हामीले राखेका छौं । जब कुनै ब्यक्ति तथा समाजको आर्थिक स्तर उच्च हुन्छ तब मात्र एउटा सभ्य सु-संस्कृत अनि सबल समाज निर्माण हुनसक्छ । नेपाल सरकारको सहकारी ऐन २०४८ को अधिनमा रही, छरिएर रहेको निष्क्रिय पूँजीलाई विभिन्न बचत योजनाको माध्यमद्धारा निक्षेप स्वीकार गरी शैक्षिक, उत्पादनमूलक, आयमूलक, औद्योगिक तथा व्यवसायिक लगायतका विभिन्न क्षेत्रमा लगानी गर्ने यस संस्थाको प्रमुख लक्ष्य हो । **यस संस्था स्थानीय कुपण्डोल बासि प्राज्ञिक एवं विशिष्ट ब्यक्तिहरुको जमघट एवं व्यवस्थापनबाट भएको आधुनिक सहकारी संस्था हो ।**

दृष्टिकोण (VISION)

संस्थामा संलग्न सदस्यहरुको आर्थिक एवं सामाजिक विकासमा सहयोग पुऱ्याउने, समाज तथा देशको समग्र आर्थिक विकासमा टेवा पुऱ्याउने मुख्य दृष्टिकोण रहेको छ ।

लक्ष्य (GOAL)

एउटा दरिलो संयन्त्रको निर्माण गरी यस संस्थामा आबद्ध सम्पूर्ण सदस्यहरुलाई आयमूलक, रोजगारमूलक एवं सृजनशील कार्य गर्न उत्प्रेरित गर्ने र न्यून ब्याजदरमा सरल रुपमा ऋण उपलब्ध गराई आर्थिक रुपमा सबल बनाउने लक्ष्य रहेको छ ।

उद्देश्य (OBJECTIVES)

- आर्थिक निक्षेप योजना बनाई बचत गर्ने बानी बसाल्न सहयोग गर्ने ।
- सहुलियत दरमा सदस्यहरुको आर्थिक तथा सामाजिक विकासका निमित्त उद्योग ब्यापार एवं ब्यक्तिगत प्रयोजनका लागि विभिन्न शीर्षकमा कर्जा उपलब्ध गराउने ।
- सदस्यहरुको सामूहिक रुपमा आर्थिक विकासमा ध्यान दिने ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय वित्तिय संस्थाहरुसँग सहकार्य गर्ने ।
- संस्थाको वित्तिय एवं अन्य गतिविधि 100% transparent गर्ने ।
- संस्थाको वित्तिय गतिविधि निरन्तर रुपमा संस्थाका सदस्यहरुलई जानकारी गराउने ।

साधारण सभा सम्बन्धी अन्य जानकारी

१. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई संस्थाको बार्षिक साधारण सभाको सूचना, सञ्चालक समितिको प्रतिवेदन, आर्थिक विवरण, प्रस्ताव लगायत अन्य कागजातहरु शेयरधनी लागतमा कायम रहेको ठेगानामा पठाईएको छ । कारणवश कुनै शेयरधनी महानुभावलाई माथि उल्लेखित कागजात समयमा नै प्राप्त नभएमा संस्थाको कार्यालयबाट प्राप्त गर्न सक्नु हुनेछ वा साधारण सभा बाट पारित भैसके पछि संस्थाको वेव साईट www.dolphinsaving.com.np मा हेर्न वा डाउनलोड गर्न पनि सक्नु हुने छ ।

२. साधारण सभामा भाग लिन पाल्नुहुने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका विहान १०:०० बजेदेखि खुल्ला रहनेछ । उक्त पुस्तिकामा आफ्नो पूर्ण परिचय उल्लेख गरिदिनुहुन अनुरोध गरिन्छ ।

३. छलफलको बिषय अन्तर्गत विविध शीर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरुले कुनै बिषय उपर छलफल गर्न चाहनु भएमा सो विषयबारे सभा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै संस्थाका सचिव मार्फत यस संस्थाका अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ ।

४. शेयरधनी महानुभावहरुले ब्यक्त गर्नु भएका जिज्ञासा, मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले वा सञ्चालक समितिको अध्यक्षले तोकेको ब्यक्तिले उत्तर दिनुहुनेछ ।

५. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि संस्थाको कार्यालय ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान स्थित सञ्चालक सचिव एवं कार्यकारी प्रमुखको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

विषय सूची **पृष्ठ नं.**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूको बार्षिक प्रतिवेदन आ. ब. २०७०/०७१ ।

२. संस्थाले आ. ब. २०७०/०७१ को लागी लिएको लक्ष्य एवं उपलब्धि ।

३. आ. ब. २०७०/०७१ को कुल मुनाफा कोष बाडफाँड विवरण ।

४. संस्थाले लिएको भावी योजनाहरु ।

५. सहकारी ऐन, २०४८ अनुसारको केहि विवरण ।

६. संस्थाले आ. ब. २०७१/०७२ को लागि लिएको लक्ष्य एवं बजेट ।

७. संस्था अनुगमनका क्रममा अैंल्यईएका कैफिए एवं सुधारीएको अवस्था ।

८. कार्यकारी प्रमुखको आर्थिक प्रतिवेदन

९. आ. ब. २०७०/०७१ को लेखा तथा सुपरिव्यक्षण समितिको प्रतिवेदन ।

१०. आ. ब. २०७०/०७१ को लेखापरीक्षकको प्रतिवेदन ।

११. आ. ब. २०७०/०७१ को वासालात विवरण (२०७१ असार मसान्त सम्म) ।

१२. २०७०/०४/०१ देखि २०७१ आषाढ ३२ गते सम्मको आय-व्याय विवरण (नाफा नोक्सान हिसाब) ।

१३. २०७१ आषाढ ३२ गते सम्मको आर्थिक विवरण सँग सम्बन्धित अनुसूचीहरु ।

१४. २०७१ आषाढ मसान्तमा समाप्त आर्थिक बर्षको नगद प्रवाह विवरण ।

१५. इक्वीटीमा भएको परिर्वतन सम्बन्धि विवरण ।

१६. संस्थाको स्थिर सम्पत्ति र ह्रास कट्टी विवरण ।

१७ स्वतन्त्र लेखापरीक्षको प्रतिवेदन ।

१८. प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धी टिप्पणीहरु ।

१९. नोट ....

सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूको बार्षिक प्रतिवेदन आ. ब. २०७०/०७१

आदरणीय शेयरधनी महानुभावहरु, एवं उपस्थित प्रमुख अतिथि, विशेष अतिथि लगायत सम्पूर्ण अतिथि ज्यूहरु,

डल्फिन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको **पाँचौ बार्षिक साधारण सभामा** भाग लिन उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समिति तथा मेरो तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु । यहाँहरुको उपस्थितिबाट संस्थाले पाउने सुझाव, सहयोग र सद्भावले भावी कार्य योजना तथा लक्ष्य प्राप्तिमा थप टेवा पुग्नेछ भन्ने हामी सबैले विश्वास लिएका छौं ।

आज यहाँहरु समक्ष २०७१ साल आषाढ मसान्तसम्मको संस्थाको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरु छलफल तथा स्वीकृतिको निमित्त पेश गर्दै, सस्थाले आ. ब. २०७०/०७१ मा गरेका उपलब्धि तथा कार्यनीति र आगामी बर्षमा गरिने कार्य योजनाहरु प्रस्तुत गर्न यहाँहरुबाट अनुमति चाहन्छु ।

यस बर्षको कारोबारको सिंहावलोकन:

आर्थिक बर्ष २०७०/०७१ मा यस संस्थाको वित्तिय स्थितिको विवरण देहाय बमोजिम रहेको छ ।

मुख्य वित्तिय सूचकाङ्कहरु:

क. स.	विवरण	आ.ब. २०६९/०७०	आ. ब. २०७०/०७१	फरक आ.ब. २०७०/०७१	वृद्दि दर (प्रतिशतमा)
१	चुक्ता पूँजी	२१,६३२,२००.००	२३,५२७,३००.००	१,८९५,१००.००	८.७६
२	जगेडा तथा अन्य कोषहरु	२,४०७,८९२.००	४,५७३,५९४.४९	२,१६५,७०२.४९	८९.९४
३	शेयर लाभामंस कोष	३,२४४,८३०.००	३,५२९,१०७.००	२८४,२७७.००	८.७६
४	संरक्षित पूंजी फिर्ता कोष	-	२०५,३६५.३०	२०५,३६५.३०	
५	निक्षेप संकलन	१३२,९८७,९१०.२०	२२७,१०९,२७१.०६	९४,१२१,३६०.८६	७०.७७
६	कर्जा लगानी (खुद)	११७,०९९,५७८.६०	१६१,३३४,३९४.९६	४४,२३४,८१६.३६	३७.७८
७	कूल आम्दानी	२१,३०२,५४८.६१	३०,३४०,०५२.३६	९,०३७,५०३.७५	४२.४२
८	कूल खर्च	१४,७७८,३४३.३४	२०,८२४,०३०.३०	६,०४५,६८६.९६	४०.९१
९	डुबन्त ऋण कोष व्यवस्था	३२६,८६२.०३	१,७४२,०५८.२३	१,४१५,१९६.२०	४३२.९६
१०	कर्मचारी बोनस व्यवस्था	३०३,५७९.९६	७७९,३६२.२१	४७५,७८२.२५	१५६.७२
११	खुद मुनाफा (कर अघि)	६,५२४,२०४.२७	९,५१६,०२२.०६	२,९९१,८१७.७९	४५.८६
१२	खुद मुनाफा (कर पछि)	५,३२४,१३८.२२	७,७९४,८६२.०७	२,४७०,७२३.८५	४६.४१

यस आ.ब. मा भएको कारोबारको सिंहावलोकन ग्राफः



माथि उल्लेखित सूचकाङ्कहरु विश्लेषण गर्दा स्थापनाको पाँचौ बर्षमानै संस्थाले गरेको उल्लेखनिय प्रगति बारे यहाँहरुलाई अवगत गरउन पाउँदा मलाई खुशी लागेको छ । विगत बर्ष देखि नै बैंकिङ्ग क्षेत्रमा तरलता अभावको अवस्था श्रृजना भएतापनि संस्थाले गरेको अथक प्रयासको फलस्वरुप निक्षेप संकलनमा आएको समस्या तथा कर्जा क्षेत्रको संकुचनका बाबजुत कर्जा लगानी तर्फ पनि उल्लेख्य मात्रामा बृद्धि भएको छ । खुद मुनाफामा पनि उल्लेख्य मात्रामा सफल भएको र हाल सम्म कुनै निष्क्रिय कर्जा रहेको देखिँदैन । साथै छोटो समयमा नै ललितपुर जिल्लामा आफ्नो सफल पहिचान बनाउन सफल भएको छ । आदरणीय शेयरधनी महानुभावहरु, यहाँहरुको सहकारी संस्थाले आफ्नो ब्यवसायिक कार्य कुशलता, लगनशीलता र विश्वसनियता कायम गर्न सफल भएकै कारण स्थानिय प्रतिष्ठित ब्यक्तिहरुबाट अझ बढी हौसला मिलेको छ ।

सहकारी क्षेत्रमा विद्यमान प्रचलन अनुसार लेखापरीक्षण गरी सञ्चालक समितिबाट नगद लाभांश प्रस्ताव गरी साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने प्रस्ताव गरेको छ ।

संस्थाको औद्योगिक तथा ब्यवसायिक सम्बन्ध

संस्थाले आफ्ना सदस्यहरु, नियमनकर्ता, आफूसँग सम्बन्धित सबै पक्षहरु र सबै तहका कर्मचारीहरु बीच सौहार्दपूर्ण सामञ्जस्यता तथा ब्यवसायिक सम्बन्ध कायम राख्दै आईरहेको छ । अनुभवी तथा ब्यवसायिक दक्ष तथा विज्ञहरुको सल्लाह एंव सुझावका आधारमा संस्थाले स्वच्छ प्रतिस्पर्धा, ब्यवसायिकता तथा आपसी हितको सिद्धान्तमा आधारित नीति अवलम्बन गर्दै छिटो छरितो तरिकाले सदस्यमुखी सेवाहरु सदस्यहरुमाझ उपलब्ध गराउँदै आईरहेको छ । साथै यस सम्बन्धलाई अझ सुमधुर बनाउन संस्था निरन्तर प्रयासरत छ ।

संस्थाको कारोबारलाई असर पार्ने मुख्य कुराहरु :

१. लामो समय देखि देशमा रहिरहेको राजनैतिक अस्थिरता
२. कर्जा तथा लगानीको दायरा साँघुरिएर उत्पन्न हुन सक्ने जोखिमहरु,
३. निक्षेप तथा कर्जा लगानीको ब्याजदरमा हुने परिवर्तनबाट उत्पन्न हुने जोखिमहरु,

४. पूँजी बजारमा आउन सक्ने उतारचढावबाट हुन सक्ने जोखिमहरु,
५. सहकारी संस्थाको केही सिमित कार्यक्षेत्र,
६. उत्पादनशील क्षेत्रको विकासमा भएको शिथिलता,
७. सहकारीको लगानीमा देखीको कानूनी उल्झनहरु
८. हाल सहकारी क्षेत्रमा मा देखीएका समस्याहरु

प्रतिवेदन तयार भएको मितिसम्म चालु बर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने लक्ष्यका सम्बन्धमा सञ्चालक समितिको धारणा

सहकारीको उद्देश्य अनुरुप यसले आधुनिक सुविधा सम्पन्न वित्तिय कारोबार गदै आफ्नो कारोबार क्षेत्र तथा सदस्य संख्यामा बृद्धि गर्नुका साथसाथै संस्थाको कार्यक्षेत्र विस्तार गर्नका लागि शेयर पूँजी बृद्धि गरी संस्थाको आर्थिक अवस्थालाई अझ मजबुत पारिएको छ ।
संस्थाले सदस्यहरुलाई आकर्षित गर्न विभिन्न प्रकारका निक्षेप एवं ऋण लगानीका योजनाहरु ल्याएको छ । संस्थाले आफ्ना आदरणीय शेयरधनी महानुभावहरुको लागि डल्फिन कारोबार बचत खाता एवं डल्फिन स्पेसल बचत तथा अन्य विभिन्न आबधिक बचत तथा बचत खाता सञ्चालन गरेको छ र सोही खातामा शेयरधनी लाभांश जम्मा गरिने छ । संस्थाले सदस्यहरुको लागि आईतबार देखि शुक्रबार सम्म विहान १०:०० वजे देखि बेलुका ५:०० बजे सम्म सेवा उपलव्ध गराउदै आईरहेको छ ।

संस्था सुरुदेखी हाल सम्म भएको कारोबारको तुलनात्मक विवरण:

क. स.	विवरण	आ.ब. २०६६/०६७	आ.ब. २०६७/०६८	आ.ब. २०६८/०६९	आ.ब. २०६९/०७०	आ. ब. २०७०/०७१
१	चुक्ता पूँजी	१३,२५३,000.00	१६,८७४,000.00	२०,९८५,000.00	२१,६३२,२00.00	२३,५२७,३00.00
२	जगेडा तथा अन्य कोषहरु	३,००८.४९	३३८,३०४.२२	१,०७६,८५७.४४	२,४०७,८९२.००	४,५७३,५९४.४९
३	शेयर लाभामंस कोष	३,००८.४९	९१८,७१०.३२	२,०२३,६३५.८४	३,२४४,८३०.००	३,५२९,१०७.००
४	संरक्षित पूंजी फिर्ता कोष	-	-	-	-	२०५,३६५.३०
५	निक्षेप संकलन	३,५९७,८५०.२२	४९,३२७,२५३.२५	९४,६९२,५८१.०३	१३२,९८७,९१०.२०	२२७,१०९,२७१.०६
६	कर्जा लगानी (खुद)	१३,०२२,९३७.४७	३४,४६३,५७३.९५	६७,१८४,०९१.०२	११७,०९९,५७८.६०	१६१,३३४,३९४.९६
७	कूल आम्दानी	४२३,३८५.१३	७,१४९,००१.९६	१५,७३५,४७२.९३	२१,३०२,५४८.६१	३०,३४०,०५२.३६
८	कूल खर्च	४०८,३४२.७०	५,४७२,५२३.२५	१२,०४२,७०६.८०	१४,७७८,३४३.३४	२०,८२४,०३०.३०
९	डुबन्त ऋण कोष व्यवस्था	१,८०५.०९	६,७०५.९२	१४,७७१.००	३२६,८६२.०३	१,७४२,०५८.२३
१०	कर्मचारी बोनस व्यवस्था	१,२०३.३९	६७,०५९.१५	१४७,७१०.६५	३०३,५७९.९६	७७९,३६२.२१
११	खुद मुनाफा (कर अघि)	१५,०४२.४३	१,६७६,४७८.७१	३,६९२,७६६.१३	६,५२४,२०४.२७	९,५१६,०२२.०६
१२	खुद मुनाफा (कर पछि)	१२,०३३.९४	१,३४१,१८२.९६	२,९५४,२१२.९०	५,३२४,१३८.२२	७,७९४,८६२.०७

संस्था सुरुदेखी हाल सम्म भएको कारोबारको तुलनात्मक ग्राफ:



संस्थाले आ.ब. २०७०/०७१ को लागी लिएको लक्ष्य यवं उपलब्धि:

संस्थाले आ.ब. २०७०/०७१ को लागी लिएको लक्ष्य सतप्रतिसत हासील गरेकोछ जस अनुसार यसको विवरण यस प्रकार रहेको छ ।

क. स.	विवरण	आ.ब. २०६९/०७०	आ.ब. २०७०/०७१ लक्ष्य	आ.ब. २०७०/०७१ उपलब्धि	वृद्दि दर (प्रतिशतमा)
१	चुक्ता पूँजी	२१,६३२,२००.००	२२,१३२,२००.००	२३,५२७,३००.००	१०६.३०
२	जगेडा तथा अन्य कोषहरु	२,४३६,१८९.२२	१,५४४,९४३.८३	४,५७३,५९४.४९	१८७.७४
३	शेयर लाभामंस कोष	३,२४४,८३०.००	३,३१९,८३०.००	३,५२९,१०७.००	१०६.३०
४	संरक्षित पूंजी फिर्ता कोष			२०५,३६५.३०	
५	निक्षेप संकलन	१३२,९८७,९१०.२०	१७७,९८७,९१०.२०	२२७,१०९,२७१.०६	१२७.६०
६	कर्जा लगानी (खुद)	११७,०९९,५७८.६०	१६०,०९९,५७८.६०	१६१,३३४,३९४.९६	१००.७७
७	कूल आम्दानी	२१,३०२,५४८.६१	३०,१६१,१७५.६६	३०,३४०,०५२.३६	१००.५९
८	कूल खर्च	१४,७७८,३४३.३४	२२,४३६,४५६.५७	२०,८२४,०३०.३०	९२.८१
९	डुबन्त ऋण कोष व्यवस्था	३२६,८६२.०३	१,२८६,४८१.९२	१,७४२,०५८.२३	५३२.९६
१०	कर्मचारी बोनस व्यवस्था	३०३,५७९.९६	६१७,९७७.५३	७७९,३६२.२१	१२६.११
११	खुद मुनाफा (कर अघि)	६,५२४,२०४.२७	७,७२४,७१९.०८	९,५१६,०२२.०६	१२३.१९
१२	खुद मुनाफा (कर पछि)	५,३२४,१३८.२२	६,१७९,७७५.२७	७,७९४,८६२.०७	१२६.१४

संस्थाले आ.ब. २०७०/०७१ को लागी लिएको लक्ष्य एवं उपलब्धिको ग्राफः



आ. ब. २०७०/०७१ को कुल मुनाफा कोष बाडफाँड विवरण:

संस्थाले आ.ब. २०७०/०७१ मा गरेको कुल मुनाफाबाट निम्नानुसारका कोषहरुमा बाँड फाँड गरेको छ ।

विवरण	रकम रु.	विवरण		रकम रु.
जम्मा नाफा	९५,१६,०२२.०६	आयकर ब्यवस्था (२०%)		१७,२१,१५९.९९
यस बर्षको खुद नाफा (१००% मान्दा)	७७,९४,८६२.०७	साधारण जगेडाकोष अन्य कोष	२५% ७५%	१९,४८,७१५.५२ ५८,४६,१४६.५५
जम्मा				
बाँकी लाभांश (७५% को)	५८,४६,१४६.५५	शेयर लाभांश कोष कर्मचारी बोनस कोष डुबन्त ऋण कोष सहकारी विकास कोष सहकारी शिक्षा कोष संरक्षित पुँजी फिर्ता कोष	४५.२७ % ७.९४ % १८.१६ % ०.५ % ०.५ % २.६३ %	३५,२९,०९५.०० ६,१८,५४१.४३ १४,१५,१९६.१९ ३८,९७४.३१ ३८,९७४.३१ २,०५,३६५.३०
जम्मा	५८,४६,१४६.५५	जम्मा	७५%	५८,४६,१४६.५५

लाभांश बाँडफाँड गर्न सिफारिश गरिएको रकम

आ. ब. २०७०/०७१ मा रु. ७७,९४,८६२.०७ (अक्षेरेपी सतहत्तर लाख चौरानब्य हजार आठ सय बैसट्ठी रुपैंया र सात पैंसा मात्र) खुद नाफा भएकोमा विभिन्नकोषमा बाँड फाँडगरी १५% नगद सेयर लाभांश वितरण गर्नको लागि प्रस्ताव गरिएको छ । लाभांश सेयर सदस्यहरुको बचत खातामा ५%TDS कट्टागरी जम्मा गरीने छ ।

संस्थाको भावी योजनाहरु :

१. संस्थाको कार्यक्षेत्र र स्तर उन्नति बृद्धि गर्दै लैजाने ।
२. सदस्यहरुको हितमा सेवा बिस्तार गर्ने ।
३. मौलिक किसिमका बचत तथा नयाँ निक्षेप योजनाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
४. विभिन्न लगानीका श्रोतहरु पहिचान गरी लगानी प्रबर्द्धन गर्ने ।
५. समान किसिमका संस्थासँग सहकार्य बढाँउदै लैजाने ।
६. निम्न र मध्यम वर्गमा सहकारीको पहुँच पुऱ्याउने ।
७. सदस्यहरुको हितमा सदस्य सेवा काउन्टर बिस्तार गर्ने ।

संस्थागत सामाजिक दायित्व :

संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व अनुसार सामाजिक उत्थानका लागि यस संस्थाले समाजमा सकारात्मक प्रभाव पारी विभिन्न वर्गलाई सुलभ दरमा ऋण प्रदान गरेको छ । संस्थागत सामाजिक दायित्वको क्षेत्र पहिचान गरी सोही अनुरुप कार्यक्रम अगाडी बढाउने योजना रहेको छ ।

अन्त्यमा

संस्थाको उत्तरोत्तर प्रगति तथा समृद्धिका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग सद्भाव तथा मार्गदर्शन दिनु भई यस संस्थालाई वर्तमान अवस्थासम्म पुऱ्याउन आ-आफ्नो क्षेत्रबाट निरन्तर सहयोग गर्नु हुने सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरु, नेपाल सरकार डिभिजन सहकारी कार्यालय ललितपुर, स्थानिय वासि एवं सम्पूर्ण ललितपुर एवं उपत्यकालाई कार्यक्षेत्र बनाई व्यवसाय सञ्चालन गर्नु भएका व्यवसायिहरु, संस्थालाई विश्वास एवं माया गरी बचत गर्नु भएका सम्पूर्ण बचत कर्ताहरु, लेखापरीक्षक, कानूनी सल्लाहकार, व्यवसायिक सल्लाहकार तथा अन्य सम्बद्ध संघ संस्था एवं सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछु । साथै हाम्रा आदरणीय शेयरधनी महानुभावहरुले संस्थाप्रति देखाउनु भएको अगाढ विश्वासको निम्ति हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा यहाँहरुको सदाशयता र सहयोग कायमै रहने अपेक्षा गर्दछु । संस्थाको व्यवस्थापन एवं सबै तहका कर्मचारीहरुबाट संस्थाले निर्धारण गरेको लक्ष्य प्राप्तिका लागि देखाउनु भएको प्रतिबद्धता र अथक परिश्रमको सराहना गर्दै शेयरधनी महानुभावहरुको रचनात्मक सल्लाह, सुझाव र सहयोगलाई संस्थाले सदैव मार्गनिर्देशनका रुपमा लिनेछ भन्ने प्रतिबद्धता व्यक्त गर्दै हार्दिक कृतज्ञता र आभार व्यक्त गर्दछु । अन्त्यमा सभाको छलफलको विषय सूची अनुसारका विषयहरुमा छलफल गरी पारित गर्नका लागि अनुरोध गर्दै आफ्नो मन्तव्य अन्त्य गर्दछु ।

धन्यवाद् !

संचालक समितिका तर्फबाट
लक्ष्मी नारायण अर्याल

अध्यक्ष

मिति : २०७१ भाद्र २१ गते शनिवार

सहकारी ऐन, २०४८ अनुसारको थप विवरण

१. संस्थाको सहायक कम्पनी सम्बन्धी विवरण

संस्थाको हाल सम्म कुनै सहायक कम्पनी नभएको ।

२. विगत आ. व. मा संस्थाको शेयरधनीहरुले संस्थालई उपलब्ध गराएको जानकारी

विगत आ. ब. मा संस्थाले सेयर सदस्यहरुसंगबाट संकलन गरेका सुझाबहरुलाई सम्भब भएसम्म समेटी आ. ब. २०७०/०७१को प्रतिवेदत तयार पारीयको छ ।

३. आन्तरिक नियन्त्रण प्रणालीको विस्तृत विवरण

संस्थाको प्रभावकारी एवं सक्षम आन्तरिक नियन्त्रण प्रणाली रहेको छ । संस्थामा चार्टड एकाउन्टेन्टको नेत्रित्वमा संस्थाको लेखा समितिले संस्थाको आन्तरिक लेखापरीक्षण नियमितरुपमा परिक्षण गरी सञ्चालक समितिलाई जानकारी गराएको छ । साथै संस्थामा बाहिय लेखा परिक्षक (चार्टड एकाउन्टेन्ट)ले त्रैमासिकरुपमा संस्थको लेखा प्रणाली निरिक्षण गरी सल्लाह सुझाब एवं जानकारी सञ्चालक समितिलाई दिने गरेको, सथै संस्थाको पुर्व सञ्चालक समितिका कोषाध्यक्ष पेशाले स्वयम (चार्टड एकाउन्टेन्ट) भएकोले निजको सम्योजकत्वमा संस्थाका अध्यक्ष (लक्ष्मी नारायण अर्याल) र पुर्व कोषाध्यक्ष (सुनिल मानन्धर)ले संस्थामा ७ दिन सम्म अतिरिक्त समयमा संस्थाका सम्पुर्ण कर्मचारीहरु सहित स्यम लेखा परिक्षण एवं निरिक्षण गरी संस्थाको बार्षिक प्रतिवेदन तयार पारियको छ ।

क. कर्जा समिति:

संस्थाबाट प्रवाह हुने कर्जाको जोखिम ब्यवस्थापन तथा कर्जा प्रवाहमा छिटो छरितोको लागि सञ्चालक समितिले आफूमा भएको अधिकार प्रत्यायोजन गरी कर्जा लागानी तथा ब्यवस्थापनको ज्ञान भएका संचालक समितिका सदस्यहरु मध्य बाट सिभिल ईन्जिनियर एवं विगत ३०-४० बर्ष देखी धितो मुल्याङ्कन पेशा अंगाल्दै आउनुभएका श्री ओम प्रकाश अग्रवालको संयोजकत्वमा ३ जना सञ्चालहरु मध्यको एउटा छुट्टै कर्जा समिति गठन गरेको छ । यस समितिले आवश्यक ठानेमा कर्जा विभागका प्रमुखलाई समेत बैठकमा उपस्थित गराई कर्जाबारे विस्तृत जानकारी दिई वा लिई कर्जा स्वीकृति वा सिफरीस गरी सोको जानकारी सञ्चालक समितिमा गराउने गरेको छ । साथै कर्जाको रकम हेरी संस्थाले तोकेको भ्यालुएसन कन्सल्टेन्सी वा इन्जिनियर बाट धितो, आम्दानीको श्रोत र कर्जा प्रवाहको मुल्याङ्कन गरी/गराई, कर्जा प्रवाह गरीने गरेको छ ।

ख. मानव संशाधन समिति:

संस्थामा आवश्यक कर्मचारीको छनौटको लागि सञ्चालक समितिले आफूमा भएको अधिकार प्रत्यायोजन गरी विगत धेरै बर्ष देखी प्रशासनीक अनुभ रहेकी संस्थाकी संचालीका श्रीमती जुली प्रधानाङ्गको संयोजकत्वमा सञ्चालक समिति मध्यबाट ३ जना सम्बन्धित विज्ञ सञ्चालकहरुको एउटा छुट्टै मानब संशाधन समिति गठन गरेको छ । यस समितिले आवश्यक ठानेमा कार्यकारी प्रमुखलाई कर्मचारी छनौट सम्बन्धमा बैठकमा उपस्थित गराई कर्मचारी भर्ना बारे विस्तृत जानकारी सञ्चालक समितिमा गराउने गरेको छ ।

४. अन्य आवश्यक कुराहरु

संस्थाले कार्यालयबाट सदस्यहरुलई निम्न सुविधाहरु उपलब्ध गराउँदै आएको छ ।

क. रेमिटेन्स सुविधा

ख. टेलिफोन तथा मोवाईलको बिल भुक्तानी सुविधा

ग. मोवाईल बैंकिङ सुविधा (SMS)

५.समस्या तथा चुनौती

देशमा भईरहेको राजनैतिक अस्थिरताले गर्दा सम्पूर्ण लगानी कर्ताहरु पर्ख, हेर र गरको नीति अवलम्बन गरेको अवस्था छ । संस्थाले निक्षेप संकलन गरेर विभिन्न क्षेत्रमा लगानी गर्ने नीति लिएको भएतापनि देशको राजनैतिक अस्थिरताले गर्दा सोचे जस्तो सफलता हासिल गर्न सकिरहेका छैनौं । विभिन्न उद्देश्य लिएर खोलेका हाम्रो जस्ता संस्था विभिन्न कारणले गर्दा बन्द भईरहेको अवस्था छ । सोहि परिस्थितिले हाम्रो जस्तो संस्थामा पनि अप्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । सोहि अवस्थालाई मध्यनजर गर्दै समयानुसार संस्थाले पर्ख, हेर र गरको नीति अवलम्बन गरेको छ ।

६.संस्थागत सुशासन

संस्थागत सुशासन अभिवृद्धिका लागि चालिएका कदमहरुको विवरण :

क. सञ्चालक समिति, कर्जा तथा जोखिम ब्यवस्थापन समिति, पदपूर्ति तथा बढुवा समिति, लेखापरीक्षण समिति लगायतका विभिन्न समितिहरु क्रियाशील छन् ।

ख. आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न लेखा समितिको बैठक नियमित रुपमा बसी सञ्चालक समिति समक्ष सुझावहरु पेश गरेको छ ।

ग. सञ्चालन जोखिमहरु कम गर्न तथा कारोवारलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरु लागू गरिएको छ ।

घ. संस्थामा तरलता व्यवस्थापनको लागी CD Ratio Maximum 90% and CSD Ratio Maximum 80% को Limitation गरीएको छ ।

७. जनशक्ति

२०७१ आषाढ मसान्तसम्म संस्थामा जम्मा नौ जना कर्मचारीहरु कार्यरत छन् । यस मध्ये चार जना महिला कर्मचारीहरु छन् । संस्थाको प्रगति र सफलता संस्थामा कार्यरत जनशक्तिको सीप, ज्ञान, कार्य कुशलता, इमान्दारीता, कर्तव्यनिष्ठता, नैतिकता आदिमा भर पर्दछ भन्ने कुरालाई यस संस्थाले समेत मध्यनजर गर्दै आईरहेकोले कर्मचारीहरुलाई संस्थाको सम्पतिको रुपमा लिन कर्मचारीको मनोवल एवं कार्य दक्षतामा अभिवृद्धि गरी संस्थाको प्रतिफल दर उच्च बनाउन संस्थामा कार्यरत कर्मचारीहरुलाई निरन्तर रुपमा सहकारी/वित्तिय कारोबार सम्बन्धी तालिम आन्तरिक तथा बाह्य बिशेषज्ञबाट दिँदै आईरहेको छ । आगामी दिनहरुमा तालिम कार्यक्रमलाई अझ बढी भन्दा बढी प्रभावकारी रुपमा लागू गर्दै थप कर्मचारीहरुलाई समेत सहभागिता गराई सहकारी क्षेत्रमा दक्ष जनशक्तिको विकास गर्दै लैजाने संस्थाको नीति रहेको छ ।

८. प्रविधि

संस्थाको कार्यप्रणाली माईको ब्याङ्कर (Micro Banker) बैंकिङ्ग सफ्टवेयरबाट सञ्चालित छ । यो प्रविधिमा समय सापेक्ष सुधार गर्न आवश्यकता र कारोबारको प्रकृति अनुसार परिमार्जित गर्दै लगिएको छ । संस्थाको सूचना प्रविधिको विश्वसनियता र सुरक्षाको लागि बाह्य विशेषज्ञ मार्फत् अध्ययन गराईएको र निजको सुझावहरु सम्भव भएसम्म कार्यान्वयन गराईएको छ । संस्थाको काम छीटो छरीतो र विश्वश्नीयताको लागी विभिन्न उपकरणहरुको प्रायोग गरीएको छ जस्तै Note Counting Machine, Fake Note Ditector Machine, Deposit and Cheque Withdraw Printing Prenter, Attandent Registation, CC Camera, Mobile SMS Banking etc.

९. संस्थाले आ. व. २०७१/०७२ को लागी लिएको लक्ष्य एवं बजेट

संस्थाले आ. व. २०७१/०७२को लागी निम्नानुसार लक्ष्य एवं बजेट तयार पारेको छ जसको संक्षिप्त विवरण यस प्रकार रहेको छ।

संस्थाले आ.ब. २०७१/०७२ को लागी लिएको लक्ष्य:

क. स.	विवरण	आ.ब. २०७०/०७१	आ.ब. २०७१/०७२ थप	आ.ब. २०७१/०७२ जम्मा लक्ष्य	वृद्दि दर (प्रतिशतमा)
१	चुक्ता पूँजी	२३,५२७,३००.००	१५,१००,०००.००	३८,६२७,३००.००	६४.१८
२	जगेडा तथा अन्य कोषहरु	४,५७३,५९४.४९	२,८४१,९४१.००	७,४१५,५३५.४९	६२.१४
३	शेयर लाभामंस कोष	३,५२९,१०७.००	६,१५८,४८६.१४	९,६८७,५९३.१४	१७४.५१
४	संरक्षित पूंजी फिर्ता कोष	२०५,३६५.३०	३१,२६१.३५	२३६,६२६.६५	१५.२२
५	निक्षेप संकलन	२२७,१०९,२७१.०६	६०,०००,०००.००	२८७,१०९,२७१.०६	२६.४२
६	कर्जा लगानी (खुद)	१६१,३३४,३९४.९६	९५,०००,०००.००	२५६,३३४,३९४.९६	५८.८८
७	कूल आम्दानी	३०,३४०,०५२.३६	१२,६९२,५६५.४८	४३,०३२,६१७.८४	४१.८३
८	कूल खर्च	२०,८२४,०३०.३०	८,३८०,३८२.९९	२९,२०४,४१३.२९	४०.२४
९	डुबन्त ऋण कोष व्यवस्था	१,७४२,०५८.२३	१,०७७,६२०.११	२,८१९,६७८.३४	६१.८६
१०	कर्मचारी बोनस व्यवस्था	७७९,३६२.२१	६०३,४५८.२४	१,३८२,८२०.४५	७७.४३
११	खुद मुनाफा (कर अघि)	९,५१६,०२२.०६	४,३१२,१८२.४९	१३,८२८,२०४.५५	४५.३१
१२	खुद मुनाफा (कर पछि)	७,७९४,८६२.०७	३,७५९,७८९.६८	११,५५४,६५१.७५	४८.२३



१. शेयर पूँजी :

आ.ब. २०७१/०७२ मा थप र साविक सदस्यहरु समेतबाट गरी करिब रु. १,५१,००,०००/- (एक करोड एकाउन्न लाख मात्र) थप संकलन गरी रु. ३८,६२७,३००.०० (तिन करोड छयासी लाख सत्ताईस हजार तिन सय मात्र) शेयर पूँजी पुऱ्याउने लक्ष्य लिएको छ।

२. निक्षेप संकलन :

आ. ब. २०७१/०७२ मा विभिन्न प्रकारका बचत संकलनबाट ६,००,००,०००.०० (छ कारोड मात्र) थप निक्षेप संकलन गरी आ.ब. २०७१/०७२ को अन्त्य सम्ममा संस्थाको कुल बचत रु. २८७,१०९,२७१.०६ (अट्ठाईस करोड एकहत्तर लाख नौ हजार एक सय एकानव्य र पैसा सात मात्र) पुऱ्याउने लक्ष्य राखिएको छ।

३. कर्जा लगानी :

शेयर, बचत, साँवा/ब्याज असुलीको रकम तथा अन्य आम्दानी आदिबाट आएको रकम समेतबाट आ.ब. २०७१/०७२ मा विभिन्न उद्देश्यहरुमा रु.२५६,३३४,३९४.९६ (पचिस करोड त्रिसठ्ठी लाख चौंतीस हजार तिन सय चौरानव्य र पैसा छयानव्य मात्र) कर्जा लगानी पुऱ्याउने उद्देश्य राखिएको छ।

४. कर्जा असुली :

सम्पूर्ण लगानी गरिएका पुराना कर्जा तथा आ.ब.२०७१/०७२ मा लगानी गरिने कर्जा समेतको असुली कार्य तालिका अनुसार असुल गरिने छ।

५. अन्य लगानी :

यस संस्थाले मुद्धती खातामा बैंक/बित्तिय संस्थाहरुको शेयरमा एवं व्यावसायिक प्रायोजनको लागि ब्यापार, कल कारखाना तथा उधोग धन्दा (कपि उधोग, प्लाष्टिक फाईल उद्योग, फर्निचर उद्योग),आवास निर्माण, कृषि, आयात तथा निर्यात एवं मनि ट्रान्सफरमा समेत संस्थाको आर्थिक तरलतालाई ध्यानमा राखी उचित रकम लगानी गर्ने संस्थाको योजना रहेको छ।

६. कर्मचारीको दरबन्दी :

आ.ब. २०७१/०७२ मा विभिन्न तह/ओहदामा रही कार्य गर्ने कुल १ देखि २ जना सेवा प्रवाही कर्मचारीहरुको दरबन्दी रहन सक्ने छ।

७. अनुमानित आम्दानी :

आ.ब. २०७१/०७२ मा कर्जा सापट, बैंक मौज्दातबाट र अन्य श्रोतबाट कूल ब्याज रु.४३,०३२,६१७.८४ (चर करोड तिस लाख बत्तिस हजार छ सय सत्र र पैसा चौरासी मात्र) हुने अनुमान गरिएको छ।

८. अनुमानित खर्च :

आ.ब.२०७१/०७२ को लागि कर्मचारीहरुको तलब/भत्ता तथा पारिश्रमिक, प्रशासनिक र बचत तथा मुद्धतीमा ब्याज खर्च रु. २९,२०४,४१३.२९ (दुई करोड बयानव्य लाख चार हजार चार सय तेह्र र पैसा उनान्तीस मात्र) कुल खर्च हुने अनुमान गरिएको छ।

९. नाफा/नोक्सानको स्थिति :

उपरोक्त बमोजिम कुल आम्दानी र कुल खर्च को अन्तर कुल सञ्चालन मुनाफा रु. १३,८२८,२०४.५५ (एक करोड अट्ठतीस लाख अट्ठाईस हजार दुई चार र पैसा पच्पन्न मात्र) खुद मुनाफा (कर्मचारी बोनस, आयकर र विभिन्न कोष अघि) देखिने प्रक्षेपण गरिएको छ

१०. सम्पत्ति बजेट

आ.ब. २०७१/०७२ का लागि अनुमानित सम्पत्ति बजेट अनुरुप संस्थामा आवश्यक यातायतको साधन, सि. सि क्यामरा, लेजर प्रिन्टर तथा अन्य कार्यालय सञ्चालनका लागि आवश्यक मसलन्द खरीद गर्न बजेट बिनियोजन गरिएको छ।

संस्था अनुगमनका कममा अैंल्यईएका कैफिए एवं सुधारीएको अवस्था

मिति २०७०/०५/१७ गतेका दिन सहकारी विभागको पत्र सं.च.नं.३५३ अनुसार सहकारी विभाग नयाँ बानेश्वर र डिभिजन सहकारी कार्यालय ललितपुर बाट खटिएको संयुक्त अनुगमन टोलीले संस्था एवं संस्थाको वित्तिय कारोबारको अनुगमन एवं निरिक्षण गरि अैंल्याईएका कैफियतहरु एवं सुझाव, सहकारी विभागका रजिष्ट्रार र संस्थाको सञ्चालक समिति सहितको संयुक्त छलफलमा सुधारको लागी गरिएका प्रतिवद्दता, कैफियतहरु एवं सुधारीएको तुलनात्मक विवरण यस प्रकार रहेको छ ।

क्र.सं.	कैफियत	सुधारीएको अवस्था
१	**प्रचलित ऐन, नियम मापदण्ड र संस्था स्वयमको नियम अनुसार सहकारी संस्थाले प्रत्यक आर्थिक वर्षको खूद बचत (नाफा) बाट जागेडा कोष लगायत तोकिए बमोजिमका कोषहरु खडा गरी सो को उपयोग गर्नुपर्नेमा यस संस्थाले कानुनमा व्यवस्था भए बमोजिमको संरक्षित पुँजी फिर्ता कोष खडा नगरेको देखियो तथा खडा गरिएका शेयर लाभांश कोष लगायतका अन्य कोषहरु उपयोग नगरी संचित गरेको पाइयो । तसर्थ हालसम्म वितरण नभएका कोषहरु जगेडा कोषमा सारी अवदेखि वितरण गर्नुपर्ने प्रकृतिका कोषहरु वार्षिक रुपमा वितरण गर्नुपर्ने देखियो ।**	• *आ.ब. २०७०/०७१ म संस्थाको नियम अनुसार संरक्षित पुँजी फिर्ता कोष खडा गरिएको छ ।* • *आ.ब. २०६८/०६९मा विभिन्नकोषमा खर्च गर्न बाँकि रहेको रकम संस्थाको चौथो साधारण सभाबाट अनुमोदन गराई जगेडाकोषमा सारिएको छ ।*
२	**मिति २०७० असार मसान्तसम्मको आर्थिक विवरण अनुसार संस्थाको कूल ऋण लगानी रु.११,७१,०० हजार मध्ये संस्थाले पेश गरेको विवरण अनुसार असल कर्जा रु. ११,६२,०३ हजार र शंकास्पद कर्जा रु.८९६ हजार रहेको छ । सहकारी विभागबाट जारी मापदण्ड अनुसार ऋण नोक्सानी काृषको व्यवस्था गर्दा रु.१४,७६ हजार आवश्यक पर्नेमा कर्जा प्रकृतिको आधारमा संस्थाले ऋण नोक्सानी व्यवस्था खडा नगरेको देखिएको हुंदा तत्काल ऋण नोक्सानी व्यवस्था गर्नका लागि संस्थालाई निर्देशन दिनुपर्ने देखियो ।**	• *संस्थाले विगत आ. ब. २०६८/०६९ को तुलनामा आ. ब. २०६९/०७० मा ऋण नोक्सानी कोषमा रकम उल्लेख्य वृदि गरेको छ र संस्थाले आ.ब. २०७०/०७१ को तेस्रो त्रैमासीक प्रतिवेदनमा नियम अनुसार ऋण नोक्सानीकोसमा आवश्यक रकम छुट्याएको छ ।* • *आ. ब. २०६९/०७०मा नियम अनुसार कर्जा नोक्सानी व्यवस्था वापत पर्याप्त रकम व्यवस्था नभएको आ. ब. २०६९/०७०को बार्षिक प्रतिवेदनमा उल्लेख गराई साधारण सभाबाट अनुमोदन गरीएको छ ।* • *संस्थाले आ. ब. २०७०/०७१ मा नियम अनुसरा असल कर्जाको १%, शङकास्पद कर्जाको ३५% र खराब कर्जाको १००% कर्जा नोक्सानी व्यवस्था गरेएको छ ।*
३	**संस्थाको मूल आर्थिक कारोवार बचत तथा ऋण भएबाट मूलतः संस्थाको कारोवार सदस्यहरुबाट बचत संकलन गर्ने र सदस्यहरुलाई ऋण लगानी गर्ने कार्यमा केन्द्रित हुनुपर्नेमा संस्थाले क्लिन इनर्जी विकास बैंकमा र एन.सी.सी. बैंकमा गरी जम्मा रु.२५० लाख मुद्धति लगानी गरेको देखियो जुन संस्थाको स्वीकृत कार्यभित्र पर्दैन ।**	• *सहकारी क्षेत्रमा हाल देखिएको तरलता अभावलाई व्यवस्थापन गर्न संस्थाको विनियममा व्यवस्ता भए अनुसार तरलता व्यवस्थापनको लागी नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बिभिन्न बैंकहरुमा संस्थाको नाममा मुद्दती खाता खोलि राखिएको रकम सहकारी मापदण्ड एवं निरिक्षण टोलीको सुझाव अनुसार आगामी दिनमा नियम अनुसार संस्थाको साधारण सभाबाट अनुमोदन गर्दै तरलता व्यवस्थापनकोलागी संस्थाको नाममा मुद्दति गरिएको छ ।*
४	**संस्थाले सहकारी विभागबाट जारी मापदण्ड विपरित हुने गरी नेपाल बैंक लिमिटेडको शेयरमा रु.१५,९७ हजार लगानी गरेको देखिएको हुँदा सो शेयर तत्काल बिकी गर्नुपर्ने देखियो ।**	• *संस्थाको नाममा खरिद गरिएको नेपाल बैंकको शेयर हाल विक्रि गरि आ.ब. २०७०/०७१ मा हिसाब मिलान गरिएको छ ।*
५	**संस्थाले ऋण लगानी गर्दा सेवा शुल्क २ प्रतिशत । बाँकी ऋण रकमको नवीकरण शुल्क १ प्रतिशत लिने गरेको देखियो । यसरी लिइएका शूल्कहरु मापदण्ड विपरित भएकाले मापदण्ड अनुसार कर्जा व्यवस्थापन शूल्क बढीमा १ प्रतिशत मात्र लिने व्यवस्था तत्काल मिलाउनुपर्ने र मापदण्ड भन्दा बढी लिएको रकम सम्वन्धित सदस्यहरुलाई फिर्ता गर्नुपर्ने देखियो ।**	• *आ. ब. २०६९/०७० को अन्त सम्म नियम भन्दा बढि लिईएको सेवा शुल्क संस्थाको चौथो साधारण सभा बाट अनुमोदन गराई नियम अनुसार गरिएको छ ।* • *आ.ब. २०७०/०७१को सुरु देखी कर्जा सेवा शुल्क नियम अनुसार नै लिने गरिएको छ ।* • *नियम भन्दा बढि देखिएको कर्जा सेवा शुल्क सदस्यको कर्जाको व्याजमा समायोजन गरीयो ।*
६	**संस्थाको कूल पूंजीकोष रु.२,२७,६० हजार रहेकोमा मापदण्ड आनुसार सो को १० प्रतिशतले हुने रु.२२,७६ हजार मात्र प्रति व्यक्ति कर्जा सीमा रहनेमा प्रति सदस्य रु. ३४,९४ हजार सम्म कर्जा लगानी गरेको देखिएको हुँदा प्रति सदस्य कर्जा सीमालाई मापदण्डले तोकेको हदमा कायम राखी कर्जा लगानी गर्नुपर्ने ।**	• *सहकारी मापदण्ड एवं निरिक्षण टोलीको सुझाव अनुसार आ. ब. २०७०/०७१ को अन्त सम्ममा पूँजीकोष र कर्जा लगानिको अन्तर समायोजन एरिएको छ ।*
७	**संस्थाले निरिक्षण टोली समक्ष बुझाएको विवरण अनुसार जम्मा शेयर सदस्य संख्या २७८ जना तथा बचतकर्ताहरुको संख्या ९१९ देखिएको हुंदा संस्थाले गैर सदस्यहरुसंग समेत बचत निक्षेप संकलन गरेको देखिएको हुंदा कार्यक्षेत्र भित्रका सदस्य हुन योग्य व्यक्तिहरुलाइ्र विनिमय अनुसार सदस्य**	• *सहकारी मापदण्ड एवं निरिक्षण टोलीको सुझाव अनुसार हाल सदस्यता दिलाई मात्र कारोवार गरिएको र नलिएका केही सदस्यहरुलाई क्रमस आ. ब. २०७१/०७२ भित्र सदस्यता दिलाउने निति*

	बनाएर मात्र कारोवार गर्नुपर्ने ।	*लिइएको छ ।*
८	निरिक्षण गर्ने क्रम्मा संस्थाले हालै सहकारी विभागबाट जारी मापदण्ड अनुसार साइनबोर्ड पविर्तन नगरेको तथा बाहिरपट्टी सबैले देख्ने ठाउंमा सर्वसाधारण झुक्किने अगरी केही आकर्षक विज्ञापनहरु समेत राखेको देखिएको र मापदण्ड अनुसार सदस्य वडापत्र नराखेको हुँदा आकर्षक विज्ञापन तत्काल हटाउने, साइनबोर्ड परिवर्तन गर्ने तथा वडापत्र राख्ने व्यवस्था मिलाउनुपर्ने देखियो ।	• *सहकारी विभागले जारी गरेको मापदण्ड अनुसार संस्थाको साईनबोड रहेको छ ।* • *संस्थाको बाहिर पट्टि राखिएको कर्जा लगानी एवं व्याज सम्बन्धी अस्थायी व्यानर हटाई सकिएको छ ।* • *सहकारी मापदण्ड अनुसार सदस्य वडापत्र तयार गरि राखिएको छ ।*
९	संस्थाले मुद्धति नाम दिई ३ वर्षसम्मको निक्षेप स्वीकार गरेको देखिएको छ जुन कार्य प्रचलित कानुन विपरित देखिएको हुँदा मापदण्ड अनुसार आवधिक बचत मात्र स्वीकार गर्ने वयवस्था मिलाउनु पर्ने देखियो ।	• *सहकारी मापदण्ड एवं निरिक्षण टोलिको सुझाव अनुसार आ. ब. २०७०/०७१ मा मुद्दती शब्द परिर्माजन गरि आवधिक बचत गराईएको छ ।*
१०	संस्थाले शेयर सदस्यहरुको सम्पूर्ण विवरण कम्प्युटरमा मात्र राखेको देखिएको हँदा सदस्यहरुको फोटो सहितको सदस्य दर्ता किताव राख्नु तथा सम्पूर्ण आर्थिक अभिलेखहरु कम्प्युटरमा Soft Copy को रुपमा मात्र राखेको हुंदा मापदण्ड अनुसार यस्ता अभिलेखहरु कम्प्युटरको Hard Copy पनि राख्ने व्यवस्था मिलाउनु पर्ने देखियो ।	• *आ. ब. २०६६/०६७ देखि नै विगत आ. ब. को पनि सम्भव भए सम्म संस्थाको वित्तिय विवरण Hard Copy राख्ने व्यवस्था गरिएको छ ।*
११	संस्थाको कर्जा लगानी प्रक्रियाको अनुगमन गर्दा रु ५ लाख सम्मको कर्जाको स्वीकृति कार्यकारी संचालकले,रु.१० लाखसम्मको कर्जा स्वीकृति ऋण उप समितिले र सो भनदा माथिको बर्जा स्वीकृति संचालक समितिबाट हुने गरेको देखियो । कजा र्लगानीमा संचालक समितिको संलग्नता बढाउन मापदण्ड अनुसार ऋण उसमितिको सिफारिशमा संचालक समितिले कर्जा स्वीकृत गर्न व्यवस्था लागू गर्नुपर्ने देखियो ।	• *सहकारी मापदण्ड, निरिक्षण टोलीको सुझाव अनुसार संस्थाको सञ्चालक समितिले संस्थाको कर्जा लगानि सम्बन्धि व्याभारीक नियम बनाई कर्जा लगानि गर्ने गरेको छ ।*
१२	संचालक र लेखा समितिका समेत १० जाना पदाधिकारीहरु रहेकोमा संचालक ३ जना सदस्यहरु वहेक बांकी ७ जनालाई एकै पटक कर्जा लिएको देखियो । सहकारी विभागबाट जारी मापदण्ड अनुसार कुल पदाधिकारीहरुको ४९ प्रतिशत भनदा बढी पदाधिकारीले एकै पटक ऋण लिन नपाउने प्रावधानलाई संस्थाले उल्लघंन गरेको छ । यसमा पनि लेखा समितिका शत प्रतिशत पदाधिकारीले एकै पटक संस्थाबाट कर्जा लिनुले संस्थाको आन्तरिक नियन्त्रण प्रणीमा समेत असर पर्ने देखिएको छ ।	• *छोटो समयकोलागी लगानी गरिएको कर्जा हाल चुक्ता भई मापदण्ड अनुसार रहेको छ ।* • *सहकारी मापदण्ड एवं संस्थाको विनियम अनुसार गरीने छ ।*

डल्फिन बचत तथा ऋण सहकारी लिमिटेड
ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान

सञ्चालक सचिव एवं प्रमुख कार्याकारी अधिकृत श्री झलक अर्याल (सुशिल)द्धारा पाँचौ साधारण सभामा प्रस्तुत अर्थिक प्रतिबेदन

डल्फिन बचत तथा ऋण सहकारी संस्था लिमिटेड ललितपुर-१०, कुपण्डोलको पाँचौ गरिमामय साधारणसभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, सल्लाकार समिति, संचालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, ऋण उप–समितिका पदाधिकारीज्यूहरु, शेरधनी महानुभाबहरु, तथा कर्मचारी साथिहरु ।

यस संस्थाको साधारणसभा मार्फत सम्पूर्ण शेयरधनी महानुभावहरु समक्ष लिखित प्रतिवेदन पेश गर्न पाउँदा गौरवको अनुभुति गदै उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरु प्रति हृदयदेखी सहकारी अभिवादन टक्र्याउन चाहान्छु ।

यस संस्थाको स्थापना सम्बन्धमा बिभिन्न क्षेत्रका प्राज्ञिक ब्यक्तीत्वहरुका अथक प्रयासबाट सहकारी सिद्धान्तको मूल्य, मान्यतालाई अनुसरण गर्दै वि.स २०६६ साल ११ महिना २३ गतेका दिन दर्ता भई २०६७ जेष्ठ महिना ५ गतेका दिन विधिवत स्थापना भै सम्बन्धित कारोबार संचालन गर्दै संस्थामा **हालसम्म १०५४ जना सदस्य र २७० जना लाई विभिन्न** शिर्षकहरुमा ऋण रकम **रु.१६,१३,३४,३९४.९६** प्रवाह गरी ललितपुर जिल्लमा छोटो अबधिमै अग्रणी संस्थाको रुपमा चिरपरिचित गराउनमा अग्रज शेयरधनीहरुको अविश्मरणीय भुमिका रहेको अवगत गराउन चाहान्छु ।

देशको सहज ⁄असहज परिस्थितिमा समेत कत्तिपनि विचलित नभै हाल ललितपुर जिल्ला भरी आफ्नो कार्यक्षेत्र विष्तार गरी ललितपुर जिल्लाका सेवाग्राही महानुभावहरुप्रति सहकारी सेवा एव्मं वित्तिय सेवा प्रदान गर्दै आईरहेकोले यहाँहरुका माझमा यो संस्था उपकारी एव्म सेवामुखी भावनाले भरिपूर्ण छ ।

आदरणीय शेयरधनी महानुभावहरुको संस्थाप्रति आगाढ, प्रेम, सद्भाव, लगनसिलता, ईमान्दारीताको प्रतिफलका कारण संस्थाले सहकारी क्षेत्रमा ललितपुर जिल्लाका सहकारी मध्ये अग्रपंतीमा आफ्ने नाम राख्न सफल रहेको छ । यो संस्था **"We are to Serve You"** भन्ने मुलमन्त्रलाई आत्मासाथ गर्दै संस्थाबाट के प्राप्त गर्ने भन्दा संस्थालाई कसरी अझ बढी सेवामुखी शसक्त बनाउने भन्ने विषयमा अझ गम्भिरताका साथ लाग्नु नै हुनेछ । संस्थाबाट भै रहेको कामकाज प्रति सन्तुष्टि⁄असन्टुष्टि जे प्राप्त गर्नु भएको छ सो बारेमा स्वच्छ विचारहरुको उच्च मूल्याङकन गर्दै हामी कर्मचारीमित्रहरुलाई आवश्यक सहयोग सुझाव नीति तथा कार्यक्रमहरुको बारेमा हजुरहरुको सुझावको सदर कदर गर्दै सेवामा समर्पित हुनेनै छौं ।

यस संस्थावाट जे जति सेवामुखी कार्य भैरहेका छन् । ती बारेमा पुनः विचार गरि नयाँ नीति तथा कार्यक्रम बनाई मार्गदर्शन दिनुनै हुनेछ ।

संस्थाबाट विभिन्न शीर्षकमा वितरित भएको ऋणहरुबाट आफ्ना आवश्यकता पुरा गरि सहजता गराउन संस्थाले जसरी सहयोग पुर्‍याई हजुरहरुलाई गुन लगाएको छ । त्यसै गरी ऋण सम्बन्धि कारोबार समयमा व्याज बुझाउने, सावांको किस्ता बुझाउने ऋण सम्बन्धि नीति निकायहरुको स्पष्ट जानकारी लिई संस्थाको मेरुदण्डको रुपमा रहेको ऋण असूली लाई प्रभावकारी बनाउदै लैजाने विषयमा यहाँहरुको अमूल्य सहयोग अपेक्षा गर्दै यस महान कार्यमा सहयोग गरिदिनुहुन विनम्रताका साथ अनुरोध गर्दै विदा हुन अनुमति चाहान्छु ।

धन्यवाद । जय सहकारी

डल्फिन बचत तथा ऋण सहकारी लिमिटेड
ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान

पाँचौ बार्षिक साधारण सभा समक्ष लेखा तथा सुपरिव्यक्षण समितिको तर्फबाट संयोजक चटर्ड एकउन्टेन्ट श्री सतिश चन्द्र लाल द्वारा प्रस्तुत आ. व. २०७०/०७१ को लेखा समितिको प्रतिवेदन

आदरणीय सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथि, बिशेष अतिथि, सल्लाहकार समितिका सदस्यज्यूहरु, सञ्चालक समितिका पदाधिकारी ज्यूहरु, लेखा समितिका साथीहरु, शेयर सदस्य महानुभावहरु, आगन्तुक महानुभावहरु र संस्थामा कार्यरत कर्मचारीहरु लगायत उपस्थित सबैमा लेखा समितिको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन ।

संस्था सञ्चालनको छोटो समयमा संस्थाले गरेको प्रगतिको सराहाना गर्दछु । गत बर्षको साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुले दिएको जिम्मेवारीलाई हृदय देखि नै मनन गरी संस्थाको आर्थिक गतिविधि नियाल्ने मौका प्राप्त भए बमोजिम संस्थाको लेखा समितिको तर्फबाट प्रतिवेदन पेश गेरेका छौं ।

सहकारीको माध्यमबाट सानो-सानो पुँजीलाई संकलन गरी बित्तिय क्षेत्रमा देखिएको अभावलाई पूर्ति गर्न स्थापित यस डल्फिन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको लेखा समितिको तर्फबाट संस्थामा आर्थिक अनुशासन कायम गर्न, सञ्चालक समितिलाई दिनु पर्ने सल्लाह, सुझाव दिने र व्यवस्थापनको काम माथिको निगरानी र गठित अन्य समिति तथा उपसमितिहरुको निर्णय पुस्तिकामा उल्लेख भए गरेका कामकारवाहीहरु यस समितिको कार्यगत बिषय रहन गएको यहाँहरु समक्ष निवेदन गर्दछु ।

संस्थाको आन्तरिक लेखापरीक्षण गरी स्पष्ट ढंगबाट प्रतिवेदन दिएर बाह्य लेखापरीक्षणलाई सहयोग गर्नु पनि लेखा समितिको काम कर्तव्य भएका कारण सोही काममा यस समितिले ध्यान दिएको कुरा पनि यस सम्मानित सभामा जानकारी गराउँदछु ।

संस्थामा लेखा समितिको तर्फबाट अनौपचारिक रुपमा पनि बिभिन्न बैठकहरुमा सहभागी भई आवश्यक सुझावहरु प्रदान गरेको जानकारीका लागि अनुरोध गर्दछु ।

यस आ. ब. २०७०/०७१ मा औपचारिक रुपमा सञ्चालक समितिका तर्फबाट १६ वटा र लेखा समितिका तर्फबाट ४ वटा बैठकहरु बसेका थिए । अनौपचारिक रुपमा पनि आवश्यकता अनुसार बैठक बस्ने गरेको पाईन्छ । यस अवधिमा संस्थाका सञ्चालक समितिका पदाधिकारीहरु, व्यवस्थापन पक्षबाट आर्थिक नियम तथा मापदण्ड विपरितका कामहरु गरेको पाईएन ।

संस्थाको लेखा कम्प्युटराईज्ड रुपमा रखिएको छ । जसका कारण आवश्यकता बमोजिमको विवरण प्राप्त भई सबैलाई सजिलो महशुश भएको छ ।

संस्थाको कर्जा उप-समितिको निर्णयलाई सञ्चालक समितिको बैठकबाट अनुमोदन गर्ने गरेको देखिन्छ ।

संस्थाको वेव साईट चालू छ । जसका कारण आवश्यक सूचनाहरु वेव साईटबाट पनि प्राप्त गर्न सकिने छ । कार्यरत कर्मचारीहरुको क्षमता बृद्धिका लागि आबश्यक ठानिएका कर्मचारीहरुलाई तालिम दिने परिपाटी को बिकास भएको छ ।

संस्थाको आर्थिक स्थितिमा बिगत बर्ष कारोबारमा बृद्धि तथा मुनफामा बृद्धि भई संचालक समिति समक्ष पेश गरेको अनुमानित लक्ष्य पूर्तिको नजिक पुगेकोमा व्यबस्थापन पक्षलाई धन्यबाद नदिई रहन सकिंदैन । संस्थामा संलग्न सबैलाई सहयोगीको रुपमा प्रस्तुत भई, फलेको बृक्षको हाँगो नझुकेको कहाँ छ र ? भन्ने मूल मान्यतालाई अँगिकार गर्दै अझ आफूमा सरल र मित्रवत व्यवहार प्रस्तुत गरी सबै शेयरधनीहरु सामू अझ बिश्वास जित्न अनुरोध गर्दछु ।

अन्तमा यो प्रतिवेदन तयार पार्न सहयोग गर्ने यस समितिका मेरा समकक्षी साथीहरु श्री बाल मुकुन्द विष्ट र श्री तुलसी प्रसाद अर्याललाई हार्दिक कृतज्ञता व्यक्त गदछु । साथै विजया दशमी तथा सुभ दिपावली को पावन अवसरमा यहाँहरुको अझ सुख, शान्ति, प्रगति र एकताको कामना गर्दछु ।

धन्यवाद । जय सहकारी छौं ।

संजय चौधरी एण्ड एसोसिएट्स
Sanjay Chaudhary & Associates
Chartered Accountants

Jwagal, Kopundole, Lalitpur
GPO Box: 11438, Kathmandu, Nepal
Email: scanepal@gmail.com
URL: www.scanepal.com.np

स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन
डल्फिन बचत तथा ऋण सहकारी संस्था लि. का
शेयरधनी सदस्यहरु

हामीले **श्री डल्फिन बचत तथा ऋण सहकारी संस्था लि.** को यसैसाथ संलग्न आषाढ मसान्त, २०७१ को वासलात, सोहि मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाव, इक्वीटीमा भएको परिवर्तन विवरण र नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

व्यवस्थापनको दायित्व

लेखा, आन्तरिक नियन्त्रण तथा वित्तिय विवरण सम्वन्धि प्रणाली तथा ढांचाको विकास तथा कार्यान्वयन सहकारी संस्थाको व्यवस्थापनको दायित्व हो । सहकारी संस्थाको व्यवस्थापनको दायित्व अन्तर्गत वित्तिय विवरण गलत आंकडा, जालसाजी र सारभूत रुपमा त्रुटि रहित छ भनी वित्तिय विवरण तयारी र प्रस्तूतीकरण गर्ने सम्बन्धी आन्तरिक नियंत्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखानीतिको छनौट तथा कार्यान्वयन, एवं लेखा सम्बन्धी महत्वपुर्ण अनुमान पर्दछन् ।

लेखापरीक्षकको दायित्व

हाम्रो कार्य सहकारी संस्थाले राखी देखाएको श्रेस्ता एवं कागजातहरु माथि नेपाल लेखापरीक्षणमान (Nepal Standards on Auditing) अनुरुप लेखापरीक्षण गरि प्रस्तुत वित्तिय विवरण उपर विचार व्यक्त गर्नु रहेको छ । उपरोक्तानुसार मन्तव्य दिन हामीले उपरोक्त वित्तीय विवरणहरु नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गरेका छौं । वित्तीय विवरणहरु सारभुतरुपमा गलत आँकडा रहित छन् भन्ने कुरामा विस्वस्त हुनका लागि यी मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपुर्ण लेखा अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मुल्याङ्कन पनि लेखा परीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो रायलाई प्रर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

सहकारी ऐन, २०४८ तथा सहकारी नियमावली, २०४९ मा उल्लेखित प्रावधानहरु बमोजिमको प्रतिवेदन

(१) लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानिएका सूचना एवं स्पष्टिकरणहरु उपलव्ध भएका छन् ।

(२) यस प्रतिवेदनसंग सम्बन्धित वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण नेपाल लेखामान, सहकारी विभागबाट जारी भएका निर्देशनहरु एवं प्रचलित कानूनलाई पालना गरी तयार भएका छन् र संस्थाले राखेका हिसाव कितावसंग दुरुस्त रहेका छन् ।

(३) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा संस्थाको कारोवार सन्तोषजनक रहेको पाइयो ।

(४) प्रस्तुत वर्षमा सहकारी ऐनको दफा २७ बमोजिम जगेडा कोषमा रकमान्तर गरेको पाइयो । साथै सहकारी नियमावलीको नियम १९ बमोजिम अन्य कोषहरु खडा गरिएको छ ।

(५) प्रस्तुत वर्षमा संस्थाको तरलता सहकारी विभागको मापदण्ड बमोजिम पर्याप्त रहेको पाइयो ।

संजय चौधरी एण्ड एसोसिएट्स
Sanjay Chaudhary & Associates
Chartered Accountants

Jwagal, Kopundole, Lalitpur
GPO Box: 11438, Kathmandu, Nepal
Email: scanepal@gmail.com
URL: www.scanepal.com.np

(६) हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र हामीले परीक्षण गरेका श्रेस्ताहरुबाट सञ्चालक समिति, कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले कानून व्यवस्था विरुद्ध कामकाज वा हानी नोक्सानी गरेको, संस्था, निक्षेपकर्ता तथा लगानीकर्ताहरुको हक वा सुरक्षा विपरित हुने कुनै काम गरेको पाएनौं ।

लेखापरीक्षण मन्तव्य

हाम्रो रायमा र हामीले जाने बुझे सम्म तथा हामीलाई उपलब्ध गराइएको सूचनाको आधारमा संलग्न वासलातले संस्थाको आषाढ मसान्त, २०७१ को यथार्थ आर्थिक अवस्थाको एवं संलग्न नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणले सोही मितिमा समाप्त भएको आथिंक वर्षको क्रमश: संचालन नतीजा तथा नगद प्रवाहको प्रचलित कानूनका अधिनमा रही लागु गर्न सकिने हदसम्म नेपाल लेखामान अनुसार समुचित चित्रण गर्दछ ।

नि. संजय चौधरी एण्ड एसोसिएट्स
चार्टर्ड एकाउण्टेण्ट्स

सिए. संजय कुमार चौधरी
प्रिन्सिपल

स्थान: ललितपुर
मिति: २ भाद्र २०७१

वासालात
आयव्यायविवरण
इक्वीटीमा भएको परिवर्तन
नगद प्रवाह विवरण
अनुसुचिहरु

डल्फिन बचत तथा ऋण सहकारी संस्था लिमिटेड

कानदेवतास्थान, कुपण्डोल, ललितपुर–१०, नेपाल

अनूसुची - १३

प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरु

१. प्रमुख लेखा नीतिहरु (Principle Accounting Policies)

१.१ संस्था सम्बन्धी जानकारी : डल्फिन बचत तथा ऋण सहकारी संस्था लिमिटेड सहकारी ऐन, २०४८ अन्तर्गत सहकारी विभागमा दर्ता भएको सहकारी संस्था हो । यस संस्थाको कार्यालय कानदेवतास्थान, कुपण्डोल, ललितपुरमा रहेको छ । यस संस्थाले सहकारिताको सिद्धान्त र सकहारी ऐनको परिधी भित्र रही संस्थाका सदस्यहरुबाट बचत संकलन तथा सदस्यहरुलाई उति ब्याजदरमा ऋण लगानी आदि कार्य गरि रहेको छ । वित्तिय विवरणहरुले १ श्रावण २०७० देखि ३२ आषाढ २०७१ सम्मको अवधिलाई समेटेको छ ।

१.२ बित्तिय विवरण प्रस्तूतीकरण र लेखापालनको आधार : प्रस्तुत वित्तिय विवरण सामान्य लेखा सिद्धान्त, सहकारी व्यवसायमा प्रचलित लेखा नीति तथा नेपाल लेखामान (NAS) लाई समेत आधार मानी सहकारी ऐन, २०४८ अन्तर्गत सहकारी विभागले जारी गरेको निर्देशन, मापदण्ड तथा ढांचामा अन्यथा उल्लेख गरिएकोमा वाहेक ऐतिहासिक लागत अवधारणा र प्रोदभावी (Accrual) आधारमा नेपाली रुपैयामा तयार गरिएका छ । उपरोक्त अनूसार वित्तिय विवरण तयार गर्दा तथा विभिन्न लेखानीतिहरुको पालना गर्ने क्रममा व्यवस्थापनले विवेकको प्रयोग गर्नूपर्ने हूनाले वास्तविक परिणाम यस वित्तिय विवरणमा उल्लेख भएको भन्दा फरक हून सक्दछ ।

१.३ आय लेखांकनका आधार : कर्जा तथा सापटमा प्राप्त हूने व्याज सहकारी विभागको निर्देशन अनुसार नगद प्राप्तिको आधारमा लेखांकण गरिएको छ । त्यस्तै प्रवेश शुल्क, सेवा शुल्क, हर्जाना शुल्क, खाता बन्द शुल्क तथा अन्य शुल्क र रेमिटेन्स कमिशनलाई नगद प्राप्तिको आधारमा लेखांकन गरिएको छ । यसरी आयलाई नगद प्राप्तिको आधारमा लेखांकण गर्नु नेपाल लेखामान ०७ मा उल्लेख भए अनुसार आयलाई प्राप्त रकम र प्राप्त हुन बांकी रकमको संतोषप्रद (Fair) मुल्यमा लेखांकण गर्नु पर्ने प्रावधान अनुरुप रहेको छैन ।

१.४ स्थिर सम्पत्ति

क. स्थिर सम्पत्ति लेखांकण : स्थिर सम्पत्तिलाई ऐतिहासिक लागत अवधारणाको आधारमा, सम्पत्ति प्राप्ति संग सम्बन्धित खर्चहरु समेत सोही स्थिर सम्पत्तिमा समावेश गरी पुंजीकरण गरिएको छ । स्थिर सम्पत्ति प्रयोगमा नआउंदा सम्मको निर्माण खर्चहरु निर्माणाधिन पुंजीगत खर्चमा देखाईएको छ ।

ख. ह्रास कट्टी : स्थिर सम्पत्तिमा घट्दो ह्रास प्रणालीको सिद्धान्त अनुरुप खरीद भएको मिति देखि समानुपातिक दरले ह्रास कट्टी गरिएको छ । संस्थाले स्थिर सम्पत्तिमा व्यवस्थापनले निर्धारण गरेका निम्नानुसारको दर प्रयोग गरी ह्रास कट्टी गरेको छ ।

स्थिर सम्पत्तिको प्रकार	ह्रासकट्टी दर
फर्निचर	१०%
कम्प्युटर	१०%
सवारी साधन	१५%
अन्य स्थिर सम्पत्ति	१०%
सफ्टवेयर	१०%

आयकर प्रयोजनको लागि संस्थाले आयकर ऐन, २०५८ ले निर्दिष्ट गरेको दर एवं प्रकृया अनुसार दावी गरिएको छ ।

ग. **पुजीकृत नगरिने सम्पतिहरु सम्वन्धी लेखांकन** : रु. १०० सम्म वा सो भन्दा कम मुल्य भएको तथा अल्प आयू एवं सजिलै संग टूटफूट हुन सकिने प्रकृतिका सम्पतिहरुलाई पुंजीकृत गरिएको छैन ।

१.५ **लगानी नीति र कर्जा नोक्सानी व्यवस्था** : संस्थाले विनिमय बमोजिम धितो र व्यक्तिगत जमानीमा ऋण प्रवाह गर्ने नीति अपनाएको छ ।

क. **वर्गिकरण :** सांवा भूक्तानी हुनुपर्ने भाखा नाघेको अवधिका आधारमा सम्पुर्ण कर्जा सापटलाई सहकारी विभागको निर्देशन तथा मापदण्ड अनुसार असल, शंकासपद र खराब वर्गहरुमा देहाय अनुसार वर्गीकरण गरिने नीति रहेको छ ।

(क) असल : भाखा ननाघेका कर्जा/सापट ।

(ख) शंकास्पद : १ वर्षसम्म भाखा नाघेका कर्जा/सापट ।

(ग) खराव : १ वर्षभन्दा बढी अवधिले भाखा नाघेका कर्जा/सापट ।

ख. **कर्जा नोक्सानी व्यवस्था** : सहकारी विभागको निर्देशन तथा मापदण्ड बमोजिम वर्गीकरण गरिएका कर्जा तथा सापटहरुको लागि बक्यौता सांवा रकमको आधारमा कर्जा नोक्सानी व्यवस्था गरि जोखिम व्यहोर्ने कोषमा रकम सार्ने नीति रहेको छ ।

(क) असल १ प्रतिशत
(ख) शंकास्पद ३५ प्रतिशत
(ग) खराव १०० प्रतिशत

ग. **कर्जा अपलेखन निति** : संस्थाले असुल उपर गर्नुपर्ने ऋण वा कुनै रकम मिनाहा गर्नुपर्दा पर्याप्त कारणहरु सहित संचालक समितिले निर्णय गरि साधारण सभामा स्वीकृतिका लागि पेश गर्न सक्नेछ । साधारण सभामा उपस्थित सदस्यहरुको दुई तिहाई बहुमतको निर्णयबाट मात्र यस्तो निर्णय कार्यान्वयन हुन सक्नेछ । प्रस्तुत वर्षमा कुनै कर्जा अपलेखन गरिएको छैन ।

१.६ **जगेडा कोष तथा अन्य कोषहरु** : संस्थाले आयकर व्यवस्था पछिको खूद नाफाको २५ प्रतिशत रकमलाई साधारण जगेडा कोषमा र बांकि रकमलाई सत प्रतिशत मानी संस्थाको स्वीकृत विनिमय तथा समितिको निर्णयानूसार बांडफांड गरि सम्बन्धित कोषहरुमा रकमान्तर गरिएको छ । जस अनुसार प्रस्तुत वर्षमा संस्थाले शेयर लाभांश कोषमा खुद नाफाको ४५.२७%, कर्मचारी बोनस कोषमा ७.९४%, डुबन्त ऋण कोषमा १८.१६%, सहकारी विकास कोषमा ०.५%, सहकारी शिक्षा कोषमा ०.५% र संरक्षित पूंजी फिर्ता कोषमा २.६३% रकम व्यवस्था गरेको छ ।

१.७ **ब्याज खर्च** : निक्षेपको व्याज ३६५ दिनलाई एक वर्षमानी गणना गरिएको छ र सो मा दिनूपर्ने व्याजलाई उपार्जनको आधारमा गणना गरिएको छ ।

१.८ **कर्मचारी सुविधाहरु**

क. **कर्मचारी संचयकोष** : संचयकोषमा संस्थाले योगदान गरेको रकमलाई खर्चमा देखाइएको छ ।

ख. **उपदान कोष :** प्रस्तुत वर्षमा कर्मचारीहरुको उपदान बापत व्यवस्था गरिएको छैन ।

ग. **कर्मचारी बोनस ब्यवस्था**: कर्मचारी बोनस बापत समितिको निर्णयानुसार ब्यवस्था गरिएको छ ।

२. लेखा सम्बन्धी टिप्पणीहरु:

२.१ शेयर पूँजी तथा अन्य कोषमा भएको परिवर्तन

२.१.१ शेयर पूँजीमा भएको परिवर्तन

आ.व. २०७०/०७१ को शुरु मौज्दात	रु. २१,६३२,२००.००
शेयर निष्काशन	रु. २,१११,९००.००
शेयर फिर्ता	रु. २१६,८००.००
आ.व. २०७०/०७१ को अन्तिम मौज्दात	रु. २३,५२७,३००.००

२.१.२ जगेडा कोषमा भएको परिवर्तन

आ.व. २०७०/०७१ को शुरु मौज्दात	रु. २,४०७,८९२.००
शेयर लाभांश कोषबाट रकमान्तर	रु. ९३,२६४.७७
सहकारी विकास कोषबाट रकमान्तर	रु. २९,९०२.७६
सहकारी शिक्षा कोषबाट रकमान्तर	रु. १५,८७०.८२
आयव्यय हिसावबाट यस वर्ष थप	रु. १,९४८,७१५.५२
आ.व. २०७०/०७१ को अन्तिम मौज्दात	रु. ४,४९५,६४५.८७

२.१.३ कर्मचारी बोनस कोषमा भएको परिवर्तन

आ.व. २०७०/०७१ को शुरु मौज्दात	रु. ३९१,४५२.३२
यस वर्ष थप	रु. ६१८,५४१.४३
वितरण	रु. ३९१,४५२.३२
आ.व. २०७०/०७१ को अन्तिम मौज्दात	रु. ६१८,५४१.४३

२.१.४ शेयर लाभांश कोषमा भएको परिवर्तन

आ.व. २०७०/०७१ को शुरु मौज्दात	रु. ३,२४७,१६४.७७
यस वर्ष थप	रु. ३,५२९,०९५.००
जगेडा कोषमा रकमान्तर	रु. ९३,२६४.७७
वितरण	रु. ३,१५३,९००.००
आ.व. २०७०/०७१ को अन्तिम मौज्दात	रु. ३,५२९,०९५.००

२.१.५ डुबन्त ऋण कोषमा भएको परिवर्तन

आ.व. २०७०/०७१ को शुरु मौज्दात	रु. ३२६,८६२.०३
यस वर्ष थप	रु. १,४१५,१९६.२०
व्यवस्था फिर्ता	रु. ०.००
आ.व. २०७०/०७१ को अन्तिम मौज्दात	रु. १,७४२,०५८.२३

२.१.६ सहकारी विकास कोषमा भएको परिवर्तन

आ.व. २०७०/०७१ को शुरु मौज्दात	रु. ३९,९०२.७६
यस वर्ष थप	रु. ३८,९७४.३१
जगेडा कोषमा रकमान्तर	रु. २९,९०२.७६
प्रयोग	रु. १०,०००.००
आ.व. २०७०/०७१ को अन्तिम मौज्दात	रु. ३८,९७४.३१

२.१.७ सहकारी शिक्षा कोषमा भएको परिवर्तन

आ.व. २०७०/०७१ को शुरु मौज्दात	रु. ३९,३०१.०७
यस वर्ष थप	रु. ३८,९७४.३१
जगेडा कोषमा रकमान्तर	रु. १५,८७०.८२
प्रयोग	रु. २३,४३०.२५
आ.व. २०७०/०७१ को अन्तिम मौज्दात	रु. ३८,९७४.३१

२.१.८ संरक्षित पूंजी फिर्ता कोषमा भएको परिवर्तन

आ.व. २०७०/०७१ को शुरु मौज्दात	रु. ०.००
यस वर्ष थप	रु. ०.००
प्रयोग	रु. ०.००
आ.व. २०७०/०७१ को अन्तिम मौज्दात	रु. २०५,३६५.३०

२.२ कर्जा सापटमा भएको परिवर्तन

आ.व. २०७०/०७१ को शुरु मौज्दात	रु. ११७,०९९,५७८.६०
प्रवाह	रु. १९४,९७९,३०४.६४
असूली	रु. १५०,७४४,४८८.२८
अपलेखन गरेको सांवा	रु. ०.००
आ.व. २०७०/०७१ को अन्तिम मौज्दात	रु. १६१,३३४,३९४.९६

२.३ निक्षेप दायित्वमा भएको परिवर्तन

आ.व. २०७०/०७१ को शुरु मौज्दात	रु. १३२,९८७,९१०.२०
आ.व. २०७०/०७१ को अन्तिम मौज्दात	रु. २२७,१०९,२७१.०६
परिवर्तन	रु. ९४,१२१,३६०.८६
प्रतिशत	७०.७७%

२.४ कर्जा वर्गिकरण तथा नोक्सानी व्यवस्था

क.सं.	विवरण	कर्जा रकम	नोक्सानी व्यवस्था
क	असल	१६०,९५५,८२३.५४	१,६०९,५५८.२४
ख	शंकास्पद	३७८,५७१.४२	१३२,५००.००
ग	खराव	–	–
	जम्मा	**१६१,३३४,३९४.९६**	**१,७४२,०५८.२३**

उपरोक्त कर्जा मध्ये संचालक समिति सदस्य, लेखा समिति सदस्य तथा कर्मचारीहरुको बांकी कर्जा रकम रु. ७,०४९,९७५ रहेको छ ।

२.५ लगानीमा भएको परिवर्तन

आ.व. २०७०/०७१ को शुरु मौज्दात	रु. २६,६२०,१६३.६८
यस वर्ष थप	रु. २०,०००,१००.००
शेयर बिक्रि तथा मुदती फिर्ता	रु. १६,५९६,६६३.६८
आ.व. २०७०/०७१ को अन्तिम मौज्दात	रु. ३०,०२३,६००.००

२.६ **अपलेखन हुन बांकी खर्च**

प्रारम्भिक खर्च	रु. २७,२३६.०३
उदघाटन खर्च	रु. १०,८१०.१२
जम्मा आ.व. २०७०/०७१ को शुरु मौज्दात	रु. ३८,०४६.१५
यस वर्ष अपलेखन	रु. १९,०२२.९५
अपलेखन हुन बांकी खर्च	रु. १९,०२३.२०

२.७ **निक्षेप र कर्जाको भारित औषत ब्याज दरको अन्तर (Weighted Average Interest Rate Spread)**

कर्जामा भारित औषत ब्याज दर	१२.९४%
निक्षेपमा भारित औषत ब्याज दर	७.२४%
भारित औषत ब्याज दर फरक (Spread)	५.७%

२.८ **ब्याज मुल्तबी हिसाब (Interest Suspense A/c)**

नगदमा प्राप्त नभएको ब्याजलाई पाउनु पर्ने ब्याज हिसावमा रु.१५५,१४५.५२ खर्च लेखी ब्याज मुल्तवी हिसाबमा सोही रकम व्यवस्था गरिएको छ ।

२.९ **तरलता**

विवरण	**प्रस्तुत वर्ष**	**गत वर्ष**
नगद मौज्दात	६६८,२५०.८३	७९९,२०७.७२
बैंक मौज्दात	७१,०१४,२२९.११	१८,३४२,१९२.२७
मुद्दती हिसाव मौज्दात	३०,०००,०००.००	२५,०००,०००.००
सरकारी ऋणपत्र लगानी	०.००	०.००
जम्मा तरल सम्पत्ति	**१०१,६८२,४७९.९४**	**४४,१४१,३९९.९९**
कुल बचत रकम	२२७,१०९,२७१.०६	१३२,९८७,९१०.२०
तरलता प्रतिशत	४४.७७%	३३.१९%

संस्थाको तरलता सहकारी विभागको मापदण्ड बमोजिम कम्तिमा १५ प्रतिशत रकम तरलताको लागि कायम गर्नु पर्ने रहेकोमा संस्थाले सो भन्दा बढी रकम तरलता वापत राखिएको देखिन्छ ।

२.१० **आयकर व्यवस्था**

२.१०.१ **वित्तिय नाफा र कर योग्य आय बीच फरकको हिसाब मिलान तथा आयकर निर्धारण**

सम्पुर्ण कारोबार समावेश पछिको खुद नाफा		९,५१६,०२२.०६
न्यून कर्मचारी बोनस व्यवस्था		(६१८,५४१.४३)
बित्तिय नाफा		८,८९७,४८०.६३
ह्रास खर्च		(३११,४५४.१६)
आर्थिक विवरणको अनुसुची अनुसार ह्रास खर्च तथा सम्पत्ति अपलेखन	*११,३००.००*	
आयकर ऐन २०५८ बमोजिम पाउने ह्रास खर्च	*३२२,७५४.१६*	
मिन्हा नहुने अफिस खर्च		१६,२९१.८०
सम्पत्ति बिक्रिबाट घाटा	*१०,२९१.८०*	
सम्पत्ति अपलेखन		
चन्दा	*६,०००.००*	
मरम्मत संभार		३,४८१.६९
आर्थिक विवरणको अनुसुची अनुसार मरम्मत संभार खर्च	*५४,६९६.००*	
आयकर ऐन २०५८ बमोजिम मिन्हा हुने मरम्मत संभार खर्च	*५१,२१४.३१*	
करयोग्य आय		**८,६०५,७९९.९६**
आयकर व्यवस्था २० प्रतिशतले		**१,७२१,१५९.९९**

२.१०.२ वित्तिय विवरण प्रमाणिकरण तथा अन्तिम कर निर्धारण

यस संस्थाको आन्तरिक राजश्व कार्यालयबाट हुने अन्तिम कर निर्धारण बांकी रहेकोले सो हुंदा आयकर दायित्व फरक हुन सक्नेछ ।

२.११ सम्बद्ध व्यक्ति । समुह वारे जानकारी

२.११.१ सम्बद्ध संस्था

सम्बद्ध संस्था रहेको छैन ।

२.११.२ प्रमुख व्यवस्थापन कर्मचारी र तिनलाई प्रदान गरिएको पारिश्रमिक र सुविधा

क्र.सं.	नाम	पद	चालु तलब भत्ता र सुविधा	अन्य सुविधा	दीर्घकालीन सुविधा
१	झलक अर्याल (सुशिल)	सञ्चालक सचिव एवं कार्यकारी प्रमुख	८१०,०००.००	पोषाक, सामुहिक दुर्घटना वीमा	छैन

२.११.३ संचालक समिति तथा अन्य समिति सदस्य र तिनलाई प्रदान गरिएको पारिश्रमिक र सुविधा

संचालक समिति

क्र.सं.	नाम	पद	बैठक भत्ता
१	लक्ष्मी नारायण अर्याल	अध्यक्ष	२४,५००
२	सत्येन्द्र पुरुष ढकाल	उपाध्यक्ष	१८,०००
३	झलक अर्याल (सुशिल)	सचिव	१९,५००
४	मदन प्रसाद ज्ञवाली	कोषाध्यक्ष	६,५००
५	ओम प्रकाश अग्रवाल	सदस्य	८,०००
६	रञ्जन कुमार थापा	सदस्य	१९,५००
७	जुली प्रधानाङ्ग	सदस्य	१३,५००
	जम्मा		**१,०९,५००**

लेखा समिति

क्र.सं.	नाम	पद	बैठक भत्ता
१	सतिश चन्द्र लाल	संयोजक	४,५००
२	बाल मुकुन्द बिष्ट	सदस्य	५,०००
३	तुल्सी प्रसाद अर्याल	सदस्य	४,०००
	जम्मा		**१३,५००**

सल्लाहकार समिति

क्र.सं.	नाम	पद	बैठक भत्ता
१	मदन रेग्मी	कानूनी सल्लाहकार	१,५००
	जम्मा		**१,५००**

मानव संशाधन समिति

क्र.सं.	नाम	पद	बैठक भत्ता
१	जुली प्रधानाङ्ग	संयोजक	१,५००
२	झलक अर्याल (सुशिल)	सदस्य	१,५००
३	रञ्जन कुमार थापा	सदस्य	१,५००
	जम्मा		**४,५००**

२.१२ विगत आ.व.को वित्तीय विवरणको बिभिन्न शिर्षकहरुमा दर्शाएका रकमहरुलाई सार्थक प्रस्तुति तथा अर्थपूर्ण तुलनाको लागी आवश्यकता अनूसार पुन: वर्गीकरण गरिएको छ ।

डल्फिन बचत तथा ऋण सहकारी संस्था लिमिटेड

ललितपुर-१०, कुपण्डोल, कानदेवतास्थान

नोटः

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....

....